# अन्य गद्य विधा र यात्रा साहित्य

● दीपक तिवारी

**सार** – सिर्जनात्मक साहित्य लेखनमा कविता, आख्यान, नाटक र निबन्ध गरी चारवटा मूल विधा रहेको मानिन्छ। यात्रा साहित्य निबन्धइतर अन्य विधाअन्तर्गत मूलतः गद्यात्मक ढाँचामा सिर्जना हुने लेखन रहेको देखिन्छ भने यो अनाख्यानमूलक गद्यअन्तर्गतका निबन्ध–प्रबन्ध, आत्मकथा, जीवनी, संस्मरण, दैनिकी, पत्र साहित्य, शब्दचित्र, रिपोतार्ज र अन्तर्वार्ताजस्ता लेखनको समकक्षी रहेको देखिन्छ। अनाख्यानमूलक गद्यलाई 'अन्य विधा' पनि भन्ने गरिएको छ जुन प्रधानतः जीवन भोगाइको यथातथ्यमूलक वर्णनमा आधारित हुन्छ र न्यून काल्पनिक हुन्छ जसको मूल स्वरूप गद्यात्मक र अनाख्यात्मक हुन्छ। यात्रा साहित्य शब्दले यात्रागत यथार्थानुभूतिमा संसर्गित गद्य वा पद्य कुनै पनि रूपमा लेखिएको साहित्य बुझिए तापनि लेखनगत आधिक्य र सर्वाधिक स्वीकृत मान्यताका आधारमा यो गद्यमै लेखिएको हुनुपर्छ भन्ने बुझिन्छ। यात्रा साहित्य र अन्य आख्यानेतर गद्य लेखनमाझ विभाजक तत्त्वका रूपमा सञ्चरणशीलता, संवेदनशीलता, निजात्मकता, तथ्यात्मकता र स्थानीयता जस्ता पक्षहरूले ठुलो भूमिका खेलेको हुन्छ। त्यसैले यात्रा साहित्य आफ्नो छुट्टै विशेषता, स्वरूप र पहिचान बोकेको आख्यानरहित गद्यमूलक साहित्यिक विधा रहेको देखिन्छ जसले एउटा साहित्यिक विधाले वहन गर्ने सबै मानदण्ड पुरा गरेको देखिन्छ।

**बीज शब्द** – विधा, गद्य, अन्य विधा, आख्यानमूलक गद्य, अनाख्यानमूलक गद्य, सिर्जनात्मक साहित्य, ठिम्मल।

## १. प्रवेश

यात्रा साहित्य सिर्जनात्मक साहित्य लेखनको एउटा अत्यन्त उर्वर र विकसित लेखन हो तर यो

कुन विधाको उपविधा हो? छुट्टै स्वतन्त्र विधा हो वा आख्यानेतर गद्यअन्तर्गतको अन्य विधा हो भन्ने सम्बन्धमा पाश्चात्य, भारतीय र नेपाली साहित्यका साहित्यिक चिन्तक वा सिद्धान्तकारहरूमाझ मतैक्य पाइँदैन। विशेषतः हिन्दी तथा नेपाली साहित्यका विद्वान्हरूले यात्रा साहित्यको विधा सम्बन्धमा फरक फरक किसिमका मत अघि सारेका छन्। कसैले यसलाई निबन्धको एउटा भेद वा प्रकार मानेका छन् भने कसैले यसलाई गद्यको स्वतन्त्र विधा र कसैले अनाख्यानात्मक गद्यअन्तर्गतको अन्य गद्यमूलक विधा मानेका छन्। परिणामतः विद्वान् आलोचकहरूले यात्रा साहित्यको विधा ठोस् र सर्वसम्मत् रूपमा निर्धारण गर्न सकेका छैनन्। यस्तो अवस्थामा यात्रा साहित्यको विधा निर्धारण गर्नका लागि विधा भनेको के हो, गद्य साहित्य भनेको के हो र अन्य गद्यमूलक साहित्य अनि आख्यानमूलक र आख्यानेतर लेखन भन्नाले के बुझिन्छ र त्यसअन्तर्गत यात्रा साहित्यको स्थान कहाँ र कस्तो छ? भन्ने आधारभूत प्रश्नको उत्तर खोज्नु अनिवार्य देखिन्छ। त्यसैले यी आधारभूत प्रश्नहरूको क्रमिकतापूर्वक उत्तर खोज्ने कोसिस निम्नाङ्कित पङ्क्तिहरूमा गरिएको छ।

### २. विधा के हो?

साहित्यिक सन्दर्भमा प्रयोग गरिने 'विधा' शब्दको अर्थ र सन्दर्भलाई बुझ्न प्रथमतः विभिन्न शब्दकोश र विद्वान्द्वारा यसलाई कसरी अर्थ्याइएको वा परिभाषित गरिएको छ बुझ्नु आवश्यक हुन्छ। **मेरियम वेब्स्टर्स इन्साइक्लोपिडिया अव् लिटरेचर**मा लेखिएको छ– 'विधा एउटा विशेष प्रकार वा प्रवर्ग हो, जस्तै महाकाव्य, सुखान्त–दुःखान्त नाटक र कथा।' साहित्यिक सन्दर्भमा साहित्यालोचकहरूले विधालाई सकभर संश्लेषण गर्ने कोसिस गरे तापनि सूक्ष्म परीक्षणमा यसमा नम्यता र भङ्गता दृष्टिगोचर हुन्छ। उदाहरणका रूपमा दुःखान्त–सुखान्त मिश्रित नाटक र पद्य–गद्यात्मक कविताको ठिम्मल स्वरूपलाई लिन सकिन्छ जस्तै विक्रम सेठको **द गोल्डन गेट** लयबद्ध पद्यमा संरचित उपन्यास हो भने जोन फुलरको **फ्लाइङ टू नोवेअर** पूर्णतः पद्यात्मक ढाँचामा लेखिएको उपन्यास हो।[१]

**नेपाली शब्दसागर** सोपपत्तिक कोशमा विधालाई 'विधि, ब्रह्मा, विधान, कर्मरेखा, काव्य वा साहित्यमा प्रचलित खास विषयक विभाग, तरिका, शैली, रोलक्रम, भाग, खण्ड' भनेर अर्थ्याइएको छ।[२]

यसरी नै अ ग्लोसरी अव् कन्टेमपोरेरी लिटरेरी थ्योरीमा विधाका सम्बन्धमा यस्तो उल्लेख गरिएको

---

१. **Merriam-Webster's Encyclopedia of Literature**, 1995, Springfield, Massachusetts, Merriam Webster, Incorporated publishers, p 455

२. वसन्तकुमार शर्मा (सम्पा), वि सं २०५८, **नेपाली शब्दसागर** (सोपपत्तिक कोश), दोस्रो संस्करण, काठमाडौँ, भाभा पुस्तक भण्डार, पृ १७३

छ– 'परम्परागत रूपमा विधा भन्नाले साहित्यको एउटा प्रकार वा श्रेणी भन्ने बुझिन्छ जुन धारणा आजपर्यन्त जीवन्त छ भने विधालाई कहिलेकहीँ प्रमादवश रूप' शब्दको समानार्थीका सन्दर्भमा पनि प्रयोग गरिएको पाइन्छ।'[३]

साधरणतया विधालाई परम्परागत दृष्टिले साहित्यअन्तरस्थ र न्यायसङ्गत शब्द मानेर सुरूमा बहसको विषय नबनाइए तापनि वर्तमानमा पाठक वा श्रोतावर्गमा यसको स्वीकार्यता प्रतिक्रिया र भूमिकालाई हेरेर थुप्रै साहित्य सिद्धान्तकार र आलोचकहरूले बहसको विषय बनाएको देखिन्छ। नारीवादी विचारकहरूले विधा शब्दलाई सामाजिक र भाषा–साहित्यिक अभ्यास मानेका छन्। यस्ता विचारक एनी क्र्यानी फ्रान्सिसका मतमा विधा परम्परागत आरूप र सूत्रमा आबद्ध पाठ्य विशेषता हो जसले मूलतः सामाजिक, ऐतिहासिक र सैद्धान्तिक सरोकारका विषयलाई सम्बोधन गर्छ।[४]

यसरी नै बापूराव देसाईले **यात्रा साहित्य विधा : शास्त्र और इतिहास** ग्रन्थमा लेखेका छन् – ''वास्तवमा विधाको शाब्दिक अर्थ माध्यम, रीति, रूप, ढङ्ग, प्रणाली, व्यवहार, आचरण, क्रिया, वा चेष्टा भन्ने हुन्छ। 'वि'को तात्पर्य विशिष्ट र 'धा'को तात्पर्य धारणा हो, त्यसैले साहित्यमा जुन विशिष्ट धारणा बन्यो वास्तवमा त्यही नै विधा हो।'' यसरी नै मोहनराज शर्माका विचारमा विधाको तात्पर्य साहित्यको प्रकार हो। सिर्जनात्मक लेखनका क्षेत्रमा वर्गमा विभाग गरिएको प्रकार नै विधा हो।[५]

पूर्वीय साहित्यशास्त्रमा विधागत वर्गीकरणको इतिहासलाई हेर्ने हो भने आचार्य भामहसम्म पुग्नुपर्ने देखिन्छ। इसाको सातौं शताब्दीमा आचार्य भामहले आफ्नो ग्रन्थ **काव्यालङ्कार सूत्रवृत्ति**मा साहित्यलाई पद्य र गद्य दुईवटा वर्गमा बाँडेको पाइन्छ भने अर्का आचार्य वामनले गद्य र पद्यको स्थूल भेद गर्दै गद्यको वृत्तगन्धी, उत्कलिका, पूर्ण तथा पद्यको सर्गबन्ध मुक्तक आदि उपभेद बताएको पाइन्छ।[६]

यी विभिन्न प्रकारका कोश तथा विभिन्न साहित्यिक चिन्तकहरूले विधाका सम्बन्धमा दिएको परिभाषालाई हेर्दा विधाको परम्परागत अर्थ साहित्यको प्रकार वा वर्ग बुझिए तापनि साहित्य लेखनको ढाँचा वा प्रकृतिका आधारमा विधामा मिश्रण, भञ्जन र अन्तर्घुलन सम्भव रहेको देखिन्छ। तर विधालाई साहित्यको प्रकार वा वर्ग मान्ने विद्वान्हरूकै सङ्ख्याधिक्य रहेकाले यसलाई प्रकार वा वर्ग मान्नु नै समीचीन देखिन्छ। साहित्यिक सन्दर्भमा विधाको अर्थ स्पष्ट भएपछि साहित्य लेखनमा विधाको प्रयोगसम्बन्धी चर्चा गर्नु आवश्यक हुन्छ। सिर्जनात्मक साहित्य लेखनमा मूलतः चारवटा विधा रहेको

३. Jermy Hawthorn (Ed), 2014, **A Glossary of Contemporary Literary Theory**, 4th Edition, New Delhi, Bloomsbury publishing Plc, p 141

४. वापुराव देसाई, सन् २००५, **यात्रा साहित्य विधा : शास्त्र और इतिहास**, कानपुर, विकास प्रकाशन, पृ ३४

५. मोहनराज शर्मा, वि सं २०६६,**'सिर्जना सिद्धान्त विधि र प्रक्रिया', आधुनिक तथा उत्तरआधुनिक पाठमैत्री समालोचना**, काठमाडौँ, क्रेस्ट पब्लिकेसन, पृ ३१९

६. मोहनराज शर्मा, **'सिर्जना सिद्धान्त विधि र प्रक्रिया'**, पूर्ववत्, पृ ३२०

मानिन्छ कविता, आख्यान, नाटक र निबन्ध। यसअतिरिक्त लेखनका दृष्टिले साहित्यलाई पद्य र गद्य गरी दुईवटा मूल वर्गमा विभाजन गर्ने पुरानो परम्परा अद्यावधि विद्यमान छ। सिर्जनात्मक साहित्यमा निबन्धइतर अन्य विधामा पद्य र गद्यको मिश्रण पाइए तापनि आधुनिक साहित्यका सन्दर्भमा कविता आख्यान र नाटकलाई मूलतः गद्यमूलक लेखनकै रूपमा चिन्ने गरिएको छ। यस्तै एकाध यात्रा साहित्य पद्यमा सिर्जना भएको पाइए तापनि यो मूलतः गद्यात्मक ढाँचामै सिर्जना हुने गरेको छ। त्यसैले यात्रा साहित्यको प्रधान स्वरूप गद्यमा केन्द्रित हुनाले गद्य भनेको के हो र अन्य गद्य वा गद्यमूलक विधा भनेको के हो आदि विषयका सम्बन्धमा पनि चर्चा गर्नु आवश्यक देखिएकाले यहाँ त्यसबारे सङ्क्षिप्त चर्चा गरिन्छ।

### १.२. गद्य साहित्य र गद्यमूलक अन्य विधा

आधुनिक युगलाई गद्यको युग मानिन्छ। आधुनिक युगमा गद्यले जतिको विस्तार र व्यापकता पाएको छ त्यतिको विस्तार र व्यापकता पद्यले पाएको देखिँदैन। गद्य र पद्यमाझ पाइने प्रमुख भेदक लक्षण छन्दमुक्ततालाई मानिन्छ। पण्डित विश्वनाथकृत **साहित्यदर्पण**मा 'वृत्तबन्धोज्झितं गद्यं' भनेर छन्दमा बाँधिएको रचनालाई गद्य मानिएको छ भने वेदव्यासको **अग्निपुराण**मा 'आपदःपदसन्तानो गद्यं तदपि कथ्यते' भनेर छन्दरहित पदको विस्तारलाई गद्य मानिएको छ।[७] संस्कृत साहित्यशास्त्रका आधारमा हेर्ने हो भने गद्य श्रव्यशास्त्रको एउटा भेद हो। गद्यको सबैभन्दा सरल, व्यापक र सर्वमान्य परिभाषा भनेको सामान्य अन्तरक्रियामा प्रयोग गरिने शब्दार्थयुक्त भाषा हो। गद्यमा सरल भाषा प्रयोग हुन्छ भने पद्यमा असाधारण भाषा प्रयोग हुन्छ। गद्य भाषा सहज, सरल, सोझो र निश्चित प्रयोजनले युक्त हुन्छ। यसमा बोधवृत्तिका साथै व्याख्या र तर्क पनि सन्निहित हुन्छ। प्रयोगगत दृष्टिले गद्यको साधारण रूपलाई हेर्दा यो व्यावहारिक उपयोगमा आउँछ, यो कुनै दुई व्यक्तिमाझ हुने साधारण वार्तालापदेखि ठुल्ठुला सभाका कलापूर्ण र प्रभावकारी भाषणसम्म, सामान्य स्तरको पत्र व्यवहारदेखि ठुलो स्तरको शास्त्र र विज्ञानका विविध विषयहरूको विश्लेषण, विवेचन, अनुशीलन र अनुसन्धानमूलक प्रबन्धजस्ता विविध विषयहरूमा प्रयोग हुन्छ। गद्यका यी विविध प्रयोगगत रूपलाई एकातिर पारिभाषिक शब्दावलीले विशेषता प्रदान गरेको देखिन्छ भने अर्कातिर यसको प्रेषणीयतालाई पनि विस्तारित गरेको देखिन्छ। सिर्जनात्मक साहित्यमा गद्यका मुख्यतः दुईवटा प्रमुख क्षेत्र हुन्छन्– एउटा कथा, उपन्यास नाटक आदि क्षेत्रमा प्रयोग हुने गद्य र अर्को लेख, निबन्ध, प्रबन्ध, संस्मरण, यात्रा साहित्य आदि क्षेत्रमा प्रयोग हुने गद्य। लेख्य साहित्यिक क्रियाकलापअन्तर्गत गद्यको प्रयोगसम्बन्धी अतीतावलोकन गर्ने हो भने पद्यको

७. धीरेन्द्र वर्मा र अन्य (सम्पा), सन् २००५, **हिन्दी साहित्यकोश भाग १**, पारिभाषिक शब्दावली, वाराणसी, ज्ञानमण्डल लिमिटेड, पृ २१८

प्रयोगभन्दा गद्यको प्रयोग ढिलो गरी प्रारम्भ भएको देखिन्छ, जसको मूल कारण गद्य भाषाको मूल रूप प्राकृत, अकृत्रिम र व्यावहारिक हुनाले हो। जति न्यून शब्दको प्रयोगद्वारा तीव्र र तात्कालिक रूपमा पद्यले प्रभाव पार्न सक्छ त्यतिको प्रभाव गद्यले पार्न सक्तैन। तथापि सामाजिक जीवनको विकाससँगै गद्य लेखनको विकास, त्यसको उपादेयता र महत्त्वमा पनि वृद्धि भएको देखिन्छ। परिणामतः गद्यको प्रयोगले व्यवहारिक क्षेत्रमा मात्र नभई साहित्यका थुप्रै रूप र सन्दर्भमा पनि यसले पद्यलाई अपदस्थ गरिसकेको प्रतीत हुँदछ।[८] वस्तुतः साहित्यले जति जीवनको यथार्थलाई समेट्ने कोसिस गर्छ त्यतिकै गद्यात्मक विधाहरू समृद्ध बन्छन्। जीवनको जटिलता, सन्दर्भहरूको वैविध्य, यथार्थका थुप्रै स्तर र पहलुहरू जीवन प्रवाह र त्यसको प्रवाहमान रूप, प्रकृति र मान्छेको अनादिकालदेखिको अन्तरगाथाजस्ता विविध रूपहरूमा गद्यलेखन अपेक्षित हुन्छ।[९]

साहित्यिक सन्दर्भमा गद्य लेखनलाई मूलतः आख्यानमूलक र अनाख्यानमूलक गरी दुई वर्गमा बाँडेर हेर्न सकिन्छ। आख्यानमूलक गद्य लेखनमा विशेषतः कथा र उपन्यासजस्ता साहित्यिक विधाहरू पर्न आउँछन् भने अनाख्यानमूलक गद्यअन्तर्गत निबन्ध, प्रबन्ध, आत्मकथा, जीवनी, संस्मरण, यात्रा साहित्य, दैनिकी, पत्र साहित्य, शब्दचित्र, रिपोतार्ज, अन्तर्वार्ताजस्ता लेखनहरू पर्न आउँछन्। आख्यानमूलक साहित्यको उत्तरोत्तर विकाससँगै अनाख्यानमूलक साहित्य पनि विकसित भएको देखिन्छ। रमेश कुन्तल मेघको भनाइमा– ''निबन्धबाहेकका त्यस्ता अनाख्यानमूलक गद्य इतिहाससँग मिसिएर ठिम्मलका रूपमा विकसित भएका हुन् ,जसलाई सगोलमा गद्यको अन्य विधा भन्न सकिन्छ।''[१०] यस दृष्टिले अनाख्यानमूलक गद्यको अन्य विधामा आत्मकथा, जीवनी, संस्मरण, यात्रा साहित्य, दैनिकी, पत्र साहित्य, रेखाचित्र, रिपोर्ताज, अन्तर्वार्ता आदि प्रमुख विधा रहेको देखिन्छ। अनाख्यानमूलक गद्य वा अन्य विधा विश्व साहित्यमा बीसौं शताब्दीमा धेरै विकसित भएको देखिन्छ जुन प्रधानतः जीवन भोगाइका यथातथ्यमूलक वर्णनमा आधारित हुन्छ र न्यून काल्पनिक हुन्छ। यस प्रकारका लेखनमा लेखकले आफ्नो वा अरूको जीवनको सत्यतथ्य र प्रामाणिक अनुभवपुञ्जलाई मुख्य विषयवस्तु बनाएको हुन्छ।[११] अतः अन्य विधा मानिसको भोगमूलक जीवनसँग सम्बन्धित हुन्छन्। यसमा मूलतः लेखककेन्द्री विगत वर्तमान र उसका जीवनका प्रमुख अंशहरू प्रस्तुत भएका हुन्छन् अथवा कुनै घटना विशेषको इतिहासमूलक झाँकी प्रस्तुत भएको हुन्छ। साहित्यमा अन्य विधाको पुरानो लेखन परम्परा

८. धीरेन्द्र वर्मा र अन्य (सम्पा), **हिन्दी साहित्यकोश** भाग १, पूर्ववत्, पृ २१८

९. रामचन्द्र तिवारी, सन् २०१८, **हिन्दीका गद्य साहित्य**, बाइसौं संस्करण, वाराणसी, विश्वविद्यालय प्रकाशन, पृ ४९२


१०. रमेशकुन्तल मेघ, सन् १९६७, **'अन्य गद्य विधाएँ'**, हरिवंश राय बच्चन र अन्य (सम्पा), समसामयिक हिन्दी साहित्य, नई दिल्ली, साहित्य अकादमी, पृ २७७


११. वासुदेव त्रिपाठी, वि सं २०६६, **'साहित्यिक विधा सिद्धान्त गद्यात्मक आख्यानेतर अन्य विधा र यात्रा साहित्य'**, साहित्य सिद्धान्त : शोध तथा सृजनविधि, काठमाडौं , पाठ्यसामग्री पसल, पृ ६२

रहेको देखिन्छ भने यसको प्रयोगगत व्यापकता पनि दिनानुदिन बढिरहेको देखिन्छ। तर अनाख्यानमूलक गद्यका यी अन्य विधाको प्रयोग सधैँ साहित्यिक रूपमा नै भएको हुन्छ भन्ने छैन। कारण यी विधाहरूको प्रजनन शुद्ध साहित्यिक अभिप्रायले भएको होइन, जीवन भोगाइका क्रममा साहित्येतर क्षेत्रमा यसको प्रयोग धेरै अघिदेखि नै हुँदै आएको हो।[१२]

अन्य विधाको मूल स्वरूप भनेकै गद्यात्मकता र अनाख्यात्मकता हो। यस प्रकारका लेखनमा सूक्ष्म अन्तराख्यान रहे तापनि त्यसको आख्यानात्मकता सुगठित र खास प्राविधिक शृङ्खलामा आबद्ध भएको हुँदैन। अन्य विधाले विशेषतः आधुनिककालीन साहित्यमा आएर मात्र स्पष्टतः आफ्नो गतिधारा निर्माण गरेको देखिन्छ। आधुनिक साहित्य जति जति यथार्थतर्फ अभिमुख हुन्छ अन्य विधाअधीनस्थ साहित्यको भविष्य पनि उति नै आशालाग्दो बन्दै जान्छ।[१३] सिर्जनात्मक साहित्यअन्तर्गतका प्रचलित विधा वा अन्य गद्यमूलक विधा र त्यसका भेदोपभेदहरूलाई सङ्क्षेपमा निम्न वृक्षारेखका माध्यमले बुझ्न सकिन्छ।

**सिर्जनात्मक साहित्यको विधा वर्गीकरण**




१२. भिक्टर प्रधान, वि सं २०४४, **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ १९

१३. रजनी ढकाल, वि सं २०७२, **'आधुनिक नेपाली अन्य विधाको चिनारी र वर्तमान अवस्था'**, भेषराज घिमिरे (सम्पा), गरिमा, वर्ष ३४, अङ्क ३ ललितपुर, साझा प्रकाशन, पृ ६९

नेपाली साहित्यका सन्दर्भमा अन्य विधा लेखनको बीजाङ्कुरण प्राथमिक कालमै भए तापनि माध्यमिक कालमा आएर यसले विकसित बन्न र आधुनिक कालमा आएर छुट्टै स्वरूप प्राप्त गर्न सकेको देखिन्छ जुन समकालीन सन्दर्भमा अझ उर्वरशील बनेर अघि बढिरहेको छ। नेपाली साहित्यको प्राथमिक कालमै **भास्वती, खण्डखाद्य, बाजपरीक्षा, ज्वरोत्पत्ति चिकित्सा, प्रायश्चित प्रदीप**जस्ता रचना प्रकाशित भए तापनि तिनमा विधागत सचेतता पाइँदैन। तर वि सं १९१० मा प्रकाशित अज्ञात लेखकको **बत्तीस सालको रोजनाम्चा**, प्रथम दैनन्दिनी साहित्य, मोतीराम भट्टको **भानुभक्ताचार्यको जीवनचरित्र** (वि सं १९४८) प्रथम जीवनी सङ्ग्रह, काशीनाथ आदीको **भएको कुरा** (वि सं २०१४) प्रथम आत्मकथा सङ्ग्रह, हृदयचन्द्रसिंह प्रधानको **भूस्वर्ग** (वि सं २०१३) प्रथम पत्र साहित्य र उत्तम कुँवरको **स्रष्टा र साहित्य** (वि सं २०२३) लाई प्रथम अन्तर्वार्ता सङ्ग्रह मान्न सकिन्छ।[१४]

माथि वर्णित सम्पूर्ण पक्षहरूलाई विचार गर्दा यात्रा साहित्य छुट्टै साहित्यिक विधा हो वा निबन्धको उपविधा हो भन्ने सम्बन्धमा सर्वसम्मत निष्कर्ष स्थापित भई नसकेको देखिन्छ। स्थूल रूपमा यात्रा साहित्य शब्दले यात्रागत यथार्थानुभूतिमा संसर्गित गद्य वा पद्य कुनै पनि रूपमा लेखिएको साहित्य बुझिए तापनि लेखनगत आधिक्य र सर्वाधिक स्वीकृत मान्यताका आधारमा यो गद्यमै लेखिएको हुनुपर्छ भन्ने बुझिन्छ। त्यसो ता विधागत मान्यताको परम्परागत आधार आधुनिक साहित्यमा धेरैजसो सन्दर्भमा भङ्ग भएको पाइन्छ भने यात्रा साहित्य पनि त्यसदेखि अलग छैन। यात्रा साहित्यको लेखनगत शिल्प–शैलीमा रहने लचिलोपन र स्वतन्त्रताका कारण यात्रा साहित्य गद्यका अन्य विधासँग सधैँ ठोक्किन र अटाउन पुग्छ। अतः लचिलोपनकै कारण यात्रा साहित्यले सबै विधासँग मित्रवत् सम्बन्ध राख्छ। कार्ल थोमसनले **ट्राभल्स राइटिङ** (सन् २०११) नामक आफ्नो पुस्तकमा यात्रा साहित्यको त्यही लचिलोपनलाई इङ्गित गर्ने जोनाथन रावनको भनाइलाई अघि सारेका छन्[१५] जसमा रावनले भनेका छन्– ''यात्रा साहित्य एउटा कुख्यात र अशोभनीय खुल्ला घर जस्तो हो, जहाँ विभिन्न प्रकारका विधाहरू विशेष अवस्थामा एउटै खाटमा वास बस्न पुग्छन्। यसले (यात्रा साहित्यले) निजी दैनन्दिनी, निबन्ध, कथा, गद्य कविता परिष्कृत टेबल गफ, कच्चा चिठी आदि सबैलाई अटाउँछ र अव्यवस्थित र अन्धाधुन्धको आतिथ्य जनाउँछ।[१६] विषयवस्तु र शैली प्रतिपादनका दृष्टिले यात्रा साहित्यले व्यापकता अँगालेको हुन्छ। यात्रा साहित्यको विषयवस्तु चयनमा पर्याप्त स्वतन्त्रता हुन्छ, यसमा प्रशस्त जानकारी, ज्ञान–विवेक, ऐतिहासिक, भौगोलिक, प्रौद्योगिक, सामाजिक–प्राकृतिक धार्मिक र दार्शनिक विवरणका साथै क्रिया–प्रतिक्रिया, विचार–संवेदना र अनुभूतिहरूको कलात्मक संयोजन हुन्छ।'' विश्वमोहन तिवारीअनुसार–

१४. रजनी ढकाल, **'आधुनिक नेपाली अन्य विधाको चिनारी र वर्तमान अवस्था'**, पूर्ववत्, पृ ७०

१५. Carl Thompson, 2011, **Travel Writing, New York**, Routledge, Downloaded on 26-09-2017 at 04:53 pm, p 11

१६. विश्वमोहन तिवारी, सन् २०१३, **हिन्दीका यात्रा–साहित्य एक विंहगम दृष्टि**, दिल्ली, आलेख प्रकाशन, पृ २१, २६

''यात्रा साहित्यमा महाकाव्य र उपन्यासको विराट तत्त्व, कथाको आकर्षण, गीतिकाव्यको मनमोहकता, भावशीलता, संस्मरणको आत्मीयता निबन्धको मुक्ति एकैसाथ पाइन्छ। यात्रा साहित्यले कहिले इतिहासको पानामा रङ्ग भर्छ, कहिले ज्ञान र अनुभूतिहरूको पुल बनाउँछ, वसुदैव कुटुम्बकम्लाई घरिघरि प्रमाणित गर्छ र त्यसको गरिमालाई बढाउँछ।[१७]

यसरी यात्रा साहित्यले गद्यका सबै विधालाई एकैसाथ समेटेको हुन्छ अथवा सबै विधाको अस्तित्त्व बचाइराख्न यात्रा साहित्यले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। विशेषतःशैली प्रतिपादनका दृष्टिले यात्रा साहित्यले डायरी, पत्र, संस्मरण, आत्मकथा, अन्तर्वार्ता, रेखाचित्र सबैलाई समेटेको हुनसक्छ। यसैले यात्रा साहित्यको अन्य विधासँग अत्यन्त घनिष्ठ सम्बन्ध रहेको हुन्छ।

त्यसैले यात्रा साहित्यले अन्तरविधा, विधामिश्रण वा अन्य विधासँग घुलमिल हुने विशेषता वहन गरेको हुन्छ। त्यति हुँदाहुँदै पनि यात्रा साहित्यले आफ्नै किसिमको मौलिक स्वरूप र विशेषता बोकेको हुन्छ। अन्य आख्यानेतर गद्यमूलक विभिन्न विधा र यात्रा साहित्यमाझ पाइने समानता–विषमता र तिनका विशिष्ट अभिलक्षणहरूलाई सरलीकृत बोधार्थका निम्ति निम्न तालिकामा प्रस्तुत गरिन्छ।

| निबन्ध (Essay) | आत्मकथा (Auto-biography) | जीवनी (Bio-graphy) | संस्मरण (Memoir/ Reminiscence) | दैनन्दिनी (Diary) | पत्र साहित्य (letter Writings) | रिपोर्ताज (Reportage) | अन्तर्वार्ता (Interview) | रेखाचित्र (Sketch) | यात्रा साहित्य (Travel Literature) |
|---|---|---|---|---|---|---|---|---|---|
| विषयगत र स्वरूपगत व्यापक्ता/ स्वतन्त्रता | लेखक स्वयम्को जीवन भोगाइको सत्याख्यान | परकीय जीवन–भोगको वर्णनात्मक प्रस्तुति | स्वयम्ले भोगेको जीवन वा घटनादिको प्रस्तुति | स्वयम्ले भोगेको दैनिक घटना वा मनोदशाको प्रकटीकरण | मनोकल्पित र आत्म–भोगपूर्ण लेखन | गम्भीर, मार्मिक र सम–सामयिक घटनादिको वर्णन | व्यक्ति–विशेषको चरित्रो–द्घाटनको लक्षित उद्देश्य | कुनै व्यक्ति वा वस्तु सन्दर्भको अङ्कन | यात्राक्रममा लेखक यात्रीले देखे भोगेका र अनुभव गरेका घटनादिको यथार्थाङ्कन |
| कल्पना, भावुक–ताको प्रधानता–का साथमा सत्यता | न्यून–काल्पनिक, प्रामाणिक र यथातथ्यता | सत्यनिष्ठता/ व्यक्ति–प्रधानता | सत्यनिष्ठता/ काल्पनिकता | कल्पना र यथार्थको समायोजन | काल्प–निकता/ भावुकता र यथातथ्यता | तथ्या–त्मकता, निश्चित उद्देश्यले अभिप्रेरित | भोगित र अनुभवा–त्मक व्यक्तिगत धारणाको प्रकटीकरण | तटस्थता र यथार्थ–परकता | सत्यनिष्ठताको अपेक्षा |

१७. गोविन्दराज भट्टराई, वि सं २०७०, **'सिद्धान्तको ऐतिहासिक यात्रा परिभ्रमण'**, मिर्मिरेमा दश पाइला, काठमाडौँ, ओरिएन्टल प्रकाशन गृह, पृ २४१

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भूत–कालिक्ता/ तात्का–लिकता | पश्च–कालिकता/ भूत–कालिकता | पश्च–कालिक्ता/ तात्का–लिकता | पश्च–कालिकता/ भूत–कालिकता | भूत–कालिक्ता/ तात्का–लिकता | पश्च–कालिकता/ तात्कालिक्ता | तात्का–लिकता | पत्रकारिता क्षेत्रको प्रभाव | एकात्मक विषय–प्रधान | तात्कालिक सामयिक स्मृतिको रूपायन |
| आत्म–परक/ वस्तुपरक | आत्मपरक/ निजत्मक | वस्तुपरक/ विवरणात्मक | आत्मपरक/ अनुभवात्मक | पूर्ण निजात्मक | आत्मपरक/ वर्णात्मक | वस्तु–परक/ विश्लेष–णात्मक/ वर्णनात्मक | वस्तुपरक/ साहित्यिक/ असा–हित्यिक | वस्तु–परक/ वर्णना–त्मक | आत्मपरक/ वस्तुपरक वर्णनात्मक |
| स्थति–शील र स्वकेन्द्री लेखन | चरित्रप्रधान, आन्तरिक चरित्रको वर्णनमा जोड | चरित्र–प्रधान, घटना–प्रधान | स्थतिशील लेखन, स्मृतित्त्वको प्रधानता | घटना–प्रधान/ अनु–भवात्मक | स्थतिशील लेखन | घटना–केन्द्री लेखन | नायक–केन्द्री लेखन | चित्रा–त्मक लेखन | गतिशील लेखन |
| शैलीगत विविधता | इतिवृत्तात्मक प्रस्तुति प्रथमपुरूष दृष्टिविन्दु | तृतीय–पुरूष दृष्टिविन्दु | प्रथमपुरूष दृष्टिविन्दु | प्रथमपुरूष दृष्टिविन्दु | सम्बोधन बोधक शैलीको प्रयोग | प्रत्यक्ष वर्णन | संवादात्मक/ कथोप–कथन शैली | इति–वृत्तात्मक प्रस्तुति | शैलीगत विविधता प्रथमपुरूष दृष्टिविन्दु |
| स्वच्छन्द, आख्यान–हीन र विधागत स्पष्टता | औपन्यासिक र काव्या–त्मक, जीवनको खण्डित प्रस्तुति | आख्याना–त्मक पूर्ण जीवनको रूपायन वा पूर्णताको अपेक्षा | वैयक्तिक–ताको प्रबलता र सूक्ष्मता | पूर्णतः वैयक्तिक स्थान, तिथि–मिति अङ्कनको अनिवार्यता | सन्देशपरक वैयक्तिकता–को प्रबलता | सूचना–त्मक/ कलात्मक प्रस्तुति | नाटकीय लेखन, निजी विचारको प्रकटीकरण | सङ्क्षि–प्तता, तट्–स्थता, यथार्थ–परक तथ्यात्म–कता | बहुआयमिक, संस्मरण तत्त्वको अनिवार्यता |

माथिको विश्लेषणका आधारमा यात्रा साहित्यसँग अन्य गद्यमूलक आख्यानेतर विधालाई हेर्दा ती विधाहरूसँग यात्रा साहित्यको अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ। यी विधाहरूमाझ जतिको निकटता दृष्टिगोचर हुन्छ त्यति नै दूरत्व पनि दृष्टिगोचर हुन्छ। यात्रा साहित्यले जुन विशालता र सर्वसमावेशितालाई ग्रहण गरेको हुन्छ त्यतिको अन्य कुनै विधाले ग्रहण गरेको हुँदैन। यात्रा साहित्यले आख्यानेतर मात्र नभई आख्यानात्मक साहित्यिक विधालाई समेत आफ्नो विशालतामा समावेश गरेको हुन सक्छ। एक प्रकारले हेर्ने हो भने विश्व साहित्यको जग नै यात्रा साहित्यमा अडेको पाइन्छ। त्यसैले यात्रालाई डायरी, संस्मरण, पत्र, कथा, उपन्यास जुनसुकै विधामा लेख्न सकिन्छ। विश्व साहित्य पल्टाएर हेर्दा ठुल्ठुला

यात्राका महावर्णन भएका हजारौँ कृति फेला पर्छन्। त्यति हुँदाहुँदै पनि मूल रूपले यात्रा साहित्य अनाख्यात्मक गद्य (ननफिक्सन) मा पर्दछ।

सिर्जनात्मक साहित्यको एउटा मूल विधा निबन्ध र अन्य गद्यमूलक आख्यानेतर विधासँग यात्रा साहित्यलाई पारख गर्ने हो भने निबन्धसँग स्वच्छन्दता (उन्मुक्तता), कल्पनाप्रवणता, हार्दिकता, भावनात्मकता आदि पक्षको प्रयोगका दृष्टिले जीवनी र आत्मकथासँग यथार्थाङ्कन र संस्मरण तत्त्वको उपयोगका दृष्टिले, पत्र साहित्यसँग आत्मभोगजन्य लेखनका आधारमा, अन्तर्वार्तासँग कथोपकथनात्मक शैलीको आधारमा, दैनन्दिनी साहित्यसँग लेखकीय आत्मभिव्यक्तिको खुल्ला प्रकटीकरणका आधारमा, रिपोर्ताजसँग तथ्यात्मकता र स्थलगत निरीक्षणका आधारमा र रेखाचित्रसँग अमूर्त पक्ष र चित्रात्मक शैलीको प्रयोगका आधारमा केही समानता रहेको देखिए तापनि यात्रा साहित्य ती विधाहरूसँग हुबहु नमिल्ने मौलिक स्वरूप पहिचान र विशेषता भएको लेखन रहेको देखिन्छ। यी सबै विधाहरूसँग यात्रा साहित्यलाई अलग गर्ने मूल पक्षचाहिँ यात्रा साहित्यमा हुनैपर्ने यात्रामयता वा गतिशीलता रहेको देखिन्छ। अतः यात्रा साहित्यमा यात्रा गर्नैपर्ने अनिवार्यता हुन्छ, जुन अनिवार्यता अन्य गद्यमूलक आख्यानेतर विधाका लेखनमा हुँदैन। यात्रा साहित्यमा यात्राकारले आफूले यात्रा गरेका ठाउँ वा यात्रा स्थलको सजीव चित्र प्रस्तुत गर्छ र यात्राकालका घटनाहरूलाई रोचक र उन्मुक्त ढङ्गमा वर्णन गर्छ त्यस प्रकारको उन्मुक्तता अन्य गद्यमूलक आख्यानेतर विधाका लेखकलाई प्राप्त हुँदैन। यात्रागत स्मृतिहरूको तात्क्षणिक रूपायन, बहुआयमिकता विषयगत व्यापकता, शैलीगत उन्मुक्तता जति यात्रा साहित्यका लेखकलाई प्राप्त छ त्यतिको उन्मुक्तता अन्य गद्यमूलक आख्यानेतर विधालाई प्राप्त छैन। डायरी, पत्र साहित्य, संस्मरण, आत्मकथा, रेखाचित्र शैलीगत आधारमा यात्रा साहित्यको प्रस्तुति वा लेखन पद्धतिको एउटा ढाँचा ता बन्न सक्छ तर यात्रा साहित्य कुनै पनि आधारमा दैनन्दिनी, पत्र साहित्य, संस्मरण, आत्मकथा वा रेखाचित्र बन्न सक्दैन। यसैले यात्रा साहित्य आफ्नो छुट्टै अस्तित्त्व र पहिचान बोकेको अन्य आख्यानेतर गद्यको एउटा विधा रहेको देखिन्छ। यथार्थसंसर्गित लेखन, संवाद र पात्रादिको प्रयोग आदिका आधारमा यात्रा साहित्यमा यदाकदा आख्यानीकृत स्वरूप देखा परे तापनि यो प्रधानतः आख्यानेतर गद्यकै एउटा रूप रहेको देखिन्छ। यस बाहेक एकाध प्रसङ्गमा यो पद्यात्मक ढाँचामा लेखिए तापनि यो मुख्यतया गद्यमूलक लेखन रहेको देखिन्छ। गद्यमूलक अन्य साहित्यिक विधासँग यात्रा साहित्यले मित्रवत् सम्बन्ध राखे तापनि यसले दूरत्व पनि त्यतिकै कायम राखेको देखिन्छ।

यात्रा साहित्य र अन्य आख्यानेतर गद्य लेखनमाझ विभाजक तत्त्वका रूपमा सञ्चरणशीलता, स्थानीयता, तथ्यात्मकता, दृश्याङ्कन, निजात्मकता र संवेदनशीलता जस्ता पक्षहरूले पनि ठुलो भूमिका खेलेको हुन्छ। सञ्चरणशीलता यात्रा साहित्यको अनिवार्य पक्ष हो । सञ्चरण जल–थल आकाश

जहीँ पनि हुन सक्छ, त्यसका अभावमा यात्रा साहित्य सिर्जना हुन सक्दैन। यसरी नै यात्राकारले यात्रा गरेको स्थलको भौगोलिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, अर्थनैतिक जस्ता विभिन्न विषय अथवा स्थानीयताको प्रक्षेपण यात्रा साहित्यमा भएको हुन्छ कोरा कल्पनामा आधारित हुँदैन। यसरी नै यात्रा साहित्यमा लेखकीय संवेदनशीलता प्रकटित हुन आवश्यक हुन्छ, संवेदनहीन लेखन भए यात्रा साहित्य कुनै स्थान, दृश्य आदिको बाह्य विवरण मात्र बन्न सक्छ। यात्राक्रममा यात्रीले देखेका दृश्य, स्थान, वस्तु व्यक्ति आदि र तिनको भाव र व्यवहारका साथै आफ्नो अध्ययन, मनन र चिन्तनलाई सकुशल प्रस्तुत गरे त्यो यात्रा मात्र नभएर यात्रा साहित्य बन्न पुग्छ। त्यसै गरी यात्रा साहित्य वैयक्तिकताको सर्वाधिक संस्पर्श पाइने यात्रा सम्पन्न भएपछि मात्र लेखिने साहित्य हो। यसमा यात्राक्रममा अप्रत्याशित रूपमा घटित हुने घटना महत्त्वपूर्ण हुन्छ। यात्रा साहित्य यात्राकारको यात्राविषयक घटनाको यथातथ्य वर्णन मात्र नभई यात्राकारको घटनाप्रतिको प्रतिक्रिया र संवेगहरूको समन्वय पनि हो। त्यसैले यात्रा साहित्य आफ्नो छुट्टै विशेषता स्वरूप र पहिचान बोकेको आख्यानरहित गद्यमूलक साहित्यिक विधा रहेको देखिन्छ जसले एउटा साहित्यिक विधाले वहन गर्ने सबै मानदण्ड पुरा गरेको देखिन्छ।